Regd. No. 769/052/53
S.W.C. Regd. No. 13679

P.O.Box No. 8975, EPC: 1851
Kusunti (Ring Road),
Lalitpur-13, Nepal
Phone/Fax: +977-1-5001754
E-mail: info@nefin.org.np
Website: www.nefin.org.np

# नेपाल आदिवासी जनजाति महासंघ

**संघीय परिषद् सचिवालय**

**Nepal Federation of Indigenous Nationalities (NEFIN)**

**Secretariat of Federal Council**

नेपाल आदिवासी जनजाति महासंघ स्था.२०४७ संघीय परिषद्को सचिवालय

मिति २०७१ भाद्र २४ गते ।

## प्रेस विज्ञप्ति

नेपाल आदिवासी जनजाति महासंघ नेपालका सम्पूर्ण आदिवासी जनजातिहरुको पहिचान, अधिकार, समानुपातिक समावेशी प्रतिनिधित्व र पहुँचको निम्ति क्रियाशिल साझा संगठन हो । महासंघ स्थापना कालदेखि नै नेपालका सम्पूर्ण आदिवासी जनजातिहरुको समग्र अधिकार स्थापित गराउन निरन्तर लागि परेको सबैलाई अवगत नै छ । जसको परिणम स्वरुप महासंघले नेपाल सरकार र राजनीतिक दलसंग विभिन्न समयमा सहमति र सम्झौता गरेको छ । तर नेपाल सरकार र राजनितिक दलका शिर्ष नेतृत्वहरुको मुख्य कमजोरी तथा गलत नियतिले विगतमा नेपाल सरकारले ०६४ श्रावण २२ गते नेपाल आदिवासी जनजाति महासंघ सँग गरेको २० वुदेँ र ०६९ जेठ ९ गते आदिवासी जनजाति संयूक्त संघर्ष समिति सँग गरेको ९ वुँदे सम्झौताको उलङघन गरेको छ । न्यूनतम एक जाति एक प्रतिनिधित्व सुनिश्चित गराउने विगतको सहमति, अन्तिरीम संविधान र सम्मानित सर्वोच्च अदालतको आदेशबाट नेपाल सरकार र राजनीतिक दलहरु पछाडि हटी, मिति २०७१ भदौं १३ गते गरेको मन्त्री परिषदको निर्णयले संविधानसभामा मनोनित गर्नु पर्ने २६ मध्ये १७ मनोनित गर्दा अन्तरिम संविधान २०६३ को धारा ६३को ३(ग) विपरित तथा विगतमा महासंघसँग भएको सम्झौताहरुलाई उलङ्घन गर्दै, गरेको निर्णय प्रति महासंघ घोर भर्त्सना गर्दछ । नेपाल सरकार तथा राजनितिक दलहरुको यो निर्णयले आदिवासी जनजातिहरुलाई हेर्ने दृष्टिकोण स्पष्ट छ । साथै यस निर्णयले सदियौ देखि विभेदमा पारिएका आदिवासी जनजाति मैत्री संविधान बन्ने कुरामा अझ बढी शंका उब्जाएको छ । यसरी सम्पूर्ण आदिवासी जनजातिहरुलाई आफनो अधिकार सुनिश्चित गर्न यस प्रकारका निर्णय विरुद्ध प्रतिवादको लागि थप एक जुट हुने बल पुगेको छ । यसरी संविधानसभा आफै संविधान सम्मत नभएकाले यसले दिने नयाँ संविधान आदिवासी जनजाति मैत्री बन्नेमा शंका उब्जेको छ । संविधानसभा आफै संविधान सम्मत नहुने र यसले गर्ने कार्य आदिवासी जनजाति तथा पछाडि पारिएका समुदाय, क्षेत्र, लिङ्गको सम्बोधन नगरेमा त्यो संविधान मान्न यी समुदायका निम्ती हामी आदिवासी जनजाति बाध्य हुने छैन । त्यसैले सम्पूर्ण आदिवासी जनजातिहरुलाई नेपाल आदिवासी जनजाति महासंघ सचेतका साथ **पहिचान सहितको संघियता** एवम **विगतका सहमति र सम्झौताहरु** कार्यन्वयनका लागि सशक्त आन्दोलनको आव्हान गर्दछ ।

### नेपाल आदिवासी जनजाति महासंघको अडानहरु

१. धर्म निरपेक्षता, गणतन्त्र, संघीयता र पूर्णसमानुपातिक प्रतिनिधित्वलाई संविधानमा अपरिवर्तनीय धाराको रुपमा सुनिश्चित गरिनु पर्ने ।

२. नेपाल सरकार मन्त्री परिषदले मिति २०७१ भदौ १३ गते संविधानसभामा २६ सभासद मनोनित प्रक्रिया अन्तरीम संविधान २०६३ को धारा ६३ को ३(ग), सम्मानित सर्वोच्च अदालतको आदेश र नेपाल सरकारले ०६४ श्रावण २२ गते नेपाल आदिवासी जनजाति महासंघ सँग गरेको २० वुँदे सम्झौता र ०६९ जेष्ठ ९ गते नेपाल आदिवासी जनजाति महासंघ र आदिवासी जनजाति संयूक्त संघर्ष समिति सँग भएको ९ वुँदे सम्झौता विपरीत गरेको प्रति नेपाल आदिवासी जनजाति महासंघ गंभीर खेत प्रकट गर्दछ । यही प्रक्रियावाट जारी गरिने संविधान मान्न हामी आदिवासी जनजाति वाध्य हुने छैन ।

# नेपाल आदिवासी जनजाति महासंघ
संघीय परिषद् सचिवालय

**Nepal Federation of Indigenous Nationalities (NEFIN)**

Secretariat of Federal Council

Regd. No. 769/052/53
S.W.C. Regd. No. 13679

P.O.Box No. 8975, EPC: 1851
Kusunti (Ring Road),
Lalitpur-13, Nepal
Phone/Fax: +977-1-5001754
E-mail: info@nefin.org.np
Website: www.nefin.org.np


३. संविधान सभा आफै संविधान सम्बत नभएको र यसले गर्ने कार्य आदिवासी जनजाति तथा पछाडि पारिएका समुदाय, क्षेत्र, लिङ्गको सम्बोधन नगरेमा त्यो संविधान मान्न आदिवासी जनजाति समुदायका निम्ती बाध्य हुने छैन ।

४. नेपाल सरकारद्वारा सुचिकृत ५९ आदिवासी जनजातिको अन्तरीम संविधानको व्यवस्था अनुसार संविधान निर्माण प्रक्रियमा विशेष संवैधानिक व्यवस्था गरेर छुटेका ३४ आदिवासी जनजाति समुदाय र सुचिउन्मुख आदिवासी जनजातिहरुको प्रत्येक समुदायको न्यूनतम एक जाति एक प्रतिनिधित्व सुनिश्चित गर्नु पर्ने ।

**आदिवासी जनजाति आन्दोलन किन ? - पहिचान सहितको संघीय संविधान र विगतमा सरकार र महासंघबीच भएका सहमति र सम्झौता कार्यान्वयन गराउन, सरकारद्धरा अनुमोदित आईएलओ-१६९ र सरकार पक्ष  राष्ट्र भएको आदिवासी जनजाति अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणापत्र कार्यन्वयन गराउनका लागि ।**

१. **२०७१ असोज १, २ र ३ गते : संविधानसभा भवन बानेश्वरमा धर्ना,** पहिचान सहितको संघीय संविधान सुनिश्चित गर्न, धर्म निरपेक्षता, गणतन्त्र, संघीयता, संविधान सभामा प्रतिनिधित्व नभएका आदिबासी जनजातिको न्यूनतम् एक जाति एक प्रतिनिधित्वको विशेष व्यवस्थाको लागि,  र पूर्णसमानुपातिक प्रतिनिधित्वलाई संविधानमा अपरिवर्तनिय धाराको रुपमा सुनिश्चित गर्न ।

२. **२०७१ असोज १, २ र ३ गते :** सवै जिल्ला समन्वय परिषदहरुले  प्रमुख जिल्ला अधिकारी मार्फत धर्ना सहित ज्ञापन पत्र वुझाउने ।

३. **२०७१ कार्तिक १५ सम्म :** आदिवासी जनजाति आन्दोलनको लागि देश व्यापी जनजागरण अभियान सञ्चालन ।

४. **कार्तिक १६ मंसीर १५ :  लिम्वुवान, तमुवान, किराँत, ताम्सालिङ्ग, नेवा, मगरात, थरुहट वल्लो किराँत, कोचिला, शेर्पा स्वायत्त प्रदेश लगायतका प्रान्तहरुमा** प्रान्तिय आमसभा ।

५. **२०७१ मंसीर १६ : दोस्रो चरणको आन्दोलनको घोषणा**

**नोटः काठमाडौं केन्द्रित आन्दोलनका कार्यक्रमहरु थप घोषणा हुनेछ ।**

**संविधान सभामा प्रतिनिधित्व नभएका आदिबासी जनजातिहरुः**

| | | | | |
|---|---|---|---|---|
| १) कुमाल | २) किसान | ३) लाप्चा | ४) मेचे | ५) गनगाई |
| ६) चेपाङ्ग | ७) जिरेल | ८) सुरेल | ९) तोक्पेगोला | १०) पहरी |
| ११) बराम | १२) राजी | १३) ल्होमी (शिङ्सा) | १४) लार्के | १५) सियार |
| १६) राउटे | १७) कुसुन्डा | १८) वनकरिया | १९) डोल्पो | २०) थामी |
| २१) बाह्रगाउँ | २२) ताङबे | २३) ल्होपा | २४) थुदाम | २५) कुचबाडिया |
| २६) वालुङ | २७) फ्रि | २८) बोटे | २९) दनुवार | ३०) दुरा |
| ३१) मुगाल | ३२) व्यासी | ३३) हायु | ३४) छैरोतन | |

नगेन्द्र कुमार कुमाल
अध्यक्ष